# इटहरी उप-महानगरपालिका
# Itahari Sub–Metropolitan City
## नगर कार्यपालिकाको कार्यालय
## Office of The Municipal Executive
इटहरी, सुनसरी (Itahari, Sunsari)
१ नं.प्रदेश, नेपाल/Province No.1, Nepal

☎ ८००४६
८०५०९
८१७०६


मिति :-२०७४।०२।१२

**बिषय :इटहरी उप-महानगरपालिकाको आन्तरिक आय संकलन ठेक्का सम्बन्धी सूचना ।**

इटहरी उप-महानगरपालिकाद्वारा आ.ब.०७४।०७५ का लागि स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ अनुसारका आन्तरिक आयहरु ठेक्काद्धारा बन्दोवस्त गर्नु पर्ने भएकोले इन्छुक दर्तावाला फर्महरुले देहायका शर्त तथा बन्देजको अधिनमा रही गोप्य शिलवन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ । सम्पूर्ण विवरण सहितको सूचना जिल्ला प्रशासन कार्यालय सुनसरी, जिल्ला विकास समितिको कार्यालय सुनसरी, कोष तथा लेखा नियन्त्रण कार्यालय सुनसरी, इलाका प्रहरी कार्यालय इटहरी, पूर्व क्षेत्रिय ट्राफिक प्रहरी कार्यालय इटहरीको सूचना पार्टीमा टांस गरिएको छ । तोकिएको मिति समय भित्र खरिद गरी वा सोहि दिन कार्यलयसमय भित्र शिलबन्दी बोलपत्र इटहरी उप-महानगरपालिकाको कार्यालयमा पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१. बोलपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले यस सूचनामा तोकिएको मिति र समय भित्र यस उप-महानगरपालिकाको कर शाखा मा विस्तृत सूचना हेर्न बोलपत्र बोलपत्र पेश गर्न समेत सकिने छ ।

२. शिलवन्दी बोलपत्र साथ जमानतवापत कबोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खाता नं. ग- ३/०५९०३०००००००००३००००३ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी तपसिलको मिति र समय भित्र यस कार्यालय मा दाखिला गर्न सकिनेछ ।
३. बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा बोलपत्र दाखिला गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट उल्लेखित कार्यहरु गरिनेछ ।
४. छुट्टा छुट्टै विषयको बोलपत्र फारम छुट्टा छुट्टै खाममा शिलवन्दी गरी खामको वाहिर ठेक्काको विषय खोली यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नु पर्ने छ ।
५. रितपूर्वक दाखिला भएको शिलवन्दी बोलपत्रहरु देहाय अनुसारको मिति र समयमा यसै कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ । तर ठेकेदार वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्तराखी पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन ।
७. बोलपत्र खरिद गर्न र पेशगर्न आन्तरिक राजश्वकार्यालयमा फर्म दर्ता भइ आ.ब. २०७२।०७३को कर चुक्ता भएको हुनुपर्ने छ । र पेश गर्ने फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी, स्थानीय फर्मको हकमा व्यवसाय कर प्रमाणपत्र प्रतिलिपी र मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्ने छ।
८. ठेक्का सम्वन्धमा प्रचलित कानून अनुसारका बुझाउनु पर्ने कर, दस्तुर, महशुल ठेकेदार आफैले बुझाउनु पर्ने छ।
९. ठेक्का स्वीकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र नियमानुसार संझौता गर्न उपस्थित हुनुपर्ने छ।
१०. आफुले कबोल गरेको रकम एकमुष्ट बुझाई सम्झौता गरेमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ अनुसार १० प्रतिशत छुट दिईने छ ।
११. कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ट नबुझाएको अवस्थामा सम्पूर्ण कबोल गरेको ठेक्का रकमलाई १२ किस्तामा विभाजन गरीने छ । सो अनुसार पहिलो महिनाको किस्ता र अन्तिम २०७४ बैशाख, जेष्ठ, असार ३ तीन महिनाको किस्ता रकम ठेक्का संझौता गर्दा नै बुझाई बांकी रकमको हकमा २०७४ असार मसान्त सम्म म्याद कायम रहने बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

१२. संम्झौता गर्दा किस्ता बुझाई बांकी रहेको किस्ता रकमको हकमा प्रत्येक महिनाको मसान्त भित्र बुझाउनु पर्ने छ । तोकिएको अवधि भित्र किस्ता नबुझाएमा नियमानुसार हर्जना बुझाउनु पर्ने छ ।

१३. ठेकेदारले तोकिएको अवधि भित्र अर्थात नियमानुसार बुझाउनु पर्ने ठेक्काको सम्पूर्ण किस्ता रकम नबुझाएमा निजले पेश गरेको बैंक ग्यारेण्टी बाट उक्त बांकी रकम अशुल गरिने छ ।

१४. ठेकेदारले आय संकलनका लागि लिएको ठेक्का उप–महानगरपालिका ले तोकेको दर भन्दा बढी लिन पाईने छैन । बढी लिएको पाइएमा वा लिएको ठहरेमा ठेकेदारलाई जरिवाना अशुल गरी आवश्यक कारवाही समेत गर्न सकिनेछ ।

१५. ठेक्का संचालन गर्दा उप–महानगरपालिका लाई कुनै किसिमको हानी नोक्सानी पुऱ्याएमा सो को हर्जना अशुल उपर गरी ठेकेदारलाई आवश्यक कारवाही गरिने छ ।

१६. ठेकेदारले कुनै कारण देखाई ठेक्का रकममा मिनाहा, छुट, हर्जना, सहुलियत माग गर्न पाउने छैन ।

१७. कर, शुल्क, दस्तुर असुल गर्ने प्रयोजनका लागि उप–महानगरपालिका कार्यालयले तोकेको ढांचाको रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाई उप–महानगरपालिका मा अभिलेख गराई छाप लगाएर मात्र प्रयोग गर्न पाइनेछ ।

१८ बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा ठेकेदारले राखेको धरौटी रकम जफत गरी प्रचलित ऐन नियमानुसार गरिनेछ ।

१९. साविक गा.वि.स. तथा साविक इटहरी उपमहानगरपालिको लगाएको ठेक्का लिई कबोल अंक चुक्ता नगरेको ठेकेदार वा निजसंग सम्वन्धीत व्यक्तिको ठेक्का बक्यौता रकम चुक्ता नभएमा निजबाट दाखिला हुन आएको ठेक्का स्वीकृत गरिने छैन ।

२०. कुनैपनि चिठ्ठी, तार, टेलिफोन फ्याक्सबाट आएको बोलपत्रलाई मान्यता दिइने छैन ।

२१. यस ठेक्का सम्वन्धमा कुनै किसिमको विवाद उत्पन्न भएमा उप–महानगरपालिका को निर्णय अन्तिम हुने र दुवै पक्षलाई मान्य हुनेछ ।

२२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृति गर्ने सर्वाधिकार यस उप–महानगरपालिका मा सुरक्षित रहने छ ।

२३. नेपाल सरकार, अदालत र उप–महानगरपालिका को आदेश निर्देशन निर्णयको ठेकेदारले अक्षरस पालना गर्नु पर्ने छ ।

२४. यस सूचनामा उल्लेख भएका सर्त यसै बमोजिम र नभएका कुराहरु को हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

२५. कार्यालय खुलेको दिन कार्यालय समय भित्र यस उप–महानगरपालिका को राजश्व शाखामा आई विस्तृत विवरण बुझ्न सकिने छ ।

२६. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार राष्ट्रिय राजमार्गमा ढाट तगारो राखी कर उठाउन पाईने छैन ।

२७. कर, दस्तुर शुल्क संकलनको दररेट सहितको सूची बोलपत्रसाथ उपलब्ध गराईनेछ । उक्त सूचिमा उल्लेखित दर रेट र स्थान वाहेकको ठाउंमा कर दस्तुर शुल्क उठाउन पाईने छैन ।

२८. सवारी पार्किङ्ग तथा सफाई शुल्क उठाउन पाईने क्षेत्र पूर्व पश्चिम राजमार्गको बुढी खोला देखि खेती खोला सम्म कोशी राजमार्गको नेपाली सेनाको व्यारेक देखि साथी फ्युल सेन्टर सम्मका क्षेत्रमा उप–महानगरपालिका ले तोकेको, व्यवस्था गरेको ठाउंमा तथा बसपार्क प्रवेश मार्ग र बसपार्कबाट निस्कने बाटोहरुमा रोकिएका सवारी साधानहरुमा मात्र लिन पाईनेछ । गुडी रहेको सवारी साधनहरुमा यो कर लिन पाईने छैन ।

२९. साप्ताहिक आईतबारे बुधबारे हाटकरको टेग्राखोला देखि पूर्व जुट विकास चोक सम्म हुलाकी मार्गको दाया बाय“ा तथा उप–महानगरपालिका ले लगाएको पोखरी पुरी बनाएको हाटमा र उप महानगरपालिकाले निर्माण गरेको तरकारी फलफुल तथा माछामासु पसलको सटर र सेड बाहेक तथा माछामासु पसल बाहेक मात्र उठाउन पाईने छ । टेंग्राखोला पश्चिमको सेडमा , सटरमा भएको पसल र माछामासु पसलमा उठाउन पाइने छैन ।

३०. खनार क्षेत्रको सनिवारे हटिया (सुगुर वंगुरहाट समेत)क्षेत्रमा सुक्रवार ठेकदार आफैले सफा गर्नुपर्न छ र आइतवार उपमहानगरपलिका कार्यालयले सफागर्ने व्यवस्था मिलाउनेछ।

३१. खनार क्षेत्रको गुद्री,सोमवारे र वुधवारेहटिया ठेकेदार आफैले सफा गर्नु पर्नेछ ।

३२. साप्ताहिक विहिवारे सोमबारे हाट हांसपोसा क्षेत्रको ठेक्का मेला वाहेकको हुने छ र हटियाको फोहोर व्यवस्थापन सरसफाइ ठेकेदार स्वयंले गर्नुपर्ने छ ।

३३. साप्ताहिक शनिवारे, मंगलबारे हाटकर जनता वस्तीको ठेक्कालिनेले माछा मासु पसले संग कर उठाउन पाउने छैन।

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम बार्षिक ठेक्का अंक रु. | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरीद गर्ने अन्तिम मिति | बोलपत्र फारम बुझाउने अन्तिम मिति र समय | बोलपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | १।२०७३।०७४ | सवारी पार्किङ्ग तथासरसफाई शुल्क | एक बर्ष | ३६,६६,०६६। | १०००। | २०७४।३।९ गते सम्म | २०७४।३।१० गते १२ कजे सम्म | २०७४।३।१० गते २ बजे सम्म |
| २ | २/२०७३।०७४ | साप्ताहिक आईतबारे, बुधवारे हाटकर | एक बर्ष | १९,५१०००। | १०००। | २०७४।३।९ गते सम्म | २०७४।३।१० गते १२ कजे सम्म | २०७४।३।१० गते २ बजे सम्म |
| ३ | ३/२०७३।०७४ | साप्ताहिक सनिवारे हाट वडा नं ११,१२ खनार | एक बर्ष | १६,३३,५००। | १०००। | २०७४।३।९ गते सम्म | २०७४।३।१० गते १२ कजे सम्म | २०७४।३।१० गते २ बजे सम्म |
| ४ | ४/२०७३।०७४ | साप्ताहिक शनिवारे, मंगलबारे हाटकर जनता वस्ती | एक बर्ष | ४,४१,०००। | ३००। | २०७४।२।२६ गते सम्म | २०७४।२।२७ गते १२ बजे सम्म | २०७४।२।२७ गते २ बजे सम्म |
| ५ | ५/२०७४।०७५ | साप्ताहिक शुक्रबारे, सोमबारे हाटकर पचरुखी | एक बर्ष | १,३५,१५१। | ३००। | २०७४।२।२६ गते सम्म | २०७४।२।२७ गते १२ बजे सम्म | २०७४।२।२७ गते २ बजे सम्म |
| ६ | ६/२०७४।०७५ | सार्वजनिक शौचालय इटहरी बसपार्क | एक बर्ष | २,६१,१५१। | ३००। | २०७४।२।२६ गते सम्म | २०७४।२।२७ गते १२ बजे सम्म | २०७४।२।२७ गते २ बजे सम्म |
| ७ | ७/२०७४।०७५ | दैनिक गद्रीहाट र सोमवारेहाट र बुधवारे हाट कर वडा नं १२ खनार | एक बर्ष | ४,७७,९९९। | ३००। | २०७४।२।२६ गते सम्म | २०७४।२।२७ गते १२ बजे सम्म | २०७४।२।२७ गते २ बजे सम्म |
| ८ | ८/२०७४।०७५ | साप्ताहिक सोमबारे सुक्रवारे हाट पकली | एक बर्ष | २,८०,०००। | ३००। | २०७४।२।२६ गते सम्म | २०७४।२।२७ गते १२ बजे सम्म | २०७४।२।२७ गते २ बजे सम्म |
| ९ | ९/२०७४।०७५ | साप्ताहिक विहिवारे सोमबारे हाट हांसपोसा | एक बर्ष | २,७५,५०१। | ३०० | २०७४।२।२६ गते सम्म | २०७४।२।२७ गते १२ बजे सम्म | २०७४।२।२७ गते २ बजे सम्म |